श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३० सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### संस्थान ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– संस्थान ऐन, २०२१ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "संस्थान (पहिलो संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन २०३० साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा १४ पछि थपः– मूल ऐनको दफा १४ पछि देहायको दफा १४क. थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३०८

१४क. विघटित संस्थानको जायज्यथा र दायित्व अरू संस्था र संस्थानलाई सुम्पने:- दफा १४ बमोजिम कुनै संस्थान विघटन भएमा श्री ५ को सरकारमा सर्ने सो विघटित संस्थानको सबै जायज्यथा र दायित्व श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अन्य प्रचलित नेपाल कानूनबमोजिम गठन भएको कुनै संस्था वा यस ऐनबमोजिम गठन भएको कुनै संस्थानलाई त्यस संस्था वा संस्थानको मन्जुरीले सुम्पन सक्नेछ र त्यसरी सुम्पिएमा विघटित संस्थानसंग भएको ठेक्का र करार सो विघटित संस्थानको जायज्यथा र दायित्व सुम्पिएको संस्था वा संस्थानसंग भएको मानिनेछ र सो सम्बन्धमा सुम्पिएको संस्था वा संस्थानसम्बन्धी नेपाल कानूनको व्यवस्थाहरू लागू हुनेछन् ।

लालमोहर सदर मिति- २०३०।५।१५।६

आज्ञाले-
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०८